हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झनझने, सिन्धुली

३ नं प्रदेश नेपाल

पत्र संख्या:- २०७५/०७६

च.नं-

(दोश्रो पटक प्रकाशित मिति २०७५।०५।०६)

यस हरिहरपुरगढी गाउँपालिका अन्तर्गत निम्न लिखित शिषर्क आ.व. २०७५/०७६ को आन्तरिक स्रोत स्थापन गर्न स्थानीय सरकार संचालन ऐन २०७४, को गाउँपालिका वित्तीय अधिकार अन्तर्गत कर सकलनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक फर्म , कम्पनी, संघ संस्था तथा व्यतिहरुले तपशिल बमोजिमको सेवा सर्तको अधिनमा रही सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र शिलबन्दि दरभाउपत्र फारम खरिद गरि ८ औ दिनको मध्यान्न १२ बजे भित्र दरभाउपत्र दर्ता गर्न शिलबन्दि दरभाउपत्र आव्हानको पुन:सूचना सम्बन्धित सबैको लागि प्रकाशित गरिएको छ ।

| सि न | ठेक्का न | ठेक्का विवरण | न्युनतम ठेक्का रकम मु. अ. कर सहित | शिलबन्दि दरभाउपत्र दस्तुर फिर्ता नहुने |
|---|---|---|---|---|
| १ | १/ राजस्व | निकासी कर | ३००००० | १००० |
| २ | २/ राजस्व | पुवार्धार उपयोग कर/ वागमति कर्मैया हुदै झनझने गुर्जि देखि गढी र चिसापानि सडक | ४००००० | १००० |
| ३ | ३/ राजस्व | पुवार्धार उपयोग कर/ हरिवन धिमिले हुदै पथराइ सडक | ३५०००० | १००० |

गोपाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झनझने, सिन्धुली

३ नं. प्रदेश, नेपाल

पत्र संख्याः- २०७५/०७६

च.नं-

नोटः प्रत्येक सी.नं मा उल्लेखित ठेक्काको लागि छुट्टाछुट्टै फारम रसिद लिनुपर्नेछ । साथै छुट्टाछुट्टै नगदि धरौटी पेश गर्नु पर्नेछ ।

ठेक्का सम्बन्धि अवश्यक सर्तहरु

१. माथि उल्लेखित ठेक्काबाट कर दस्तुर सकलन गर्दा हरिहरपुरगढी गाउँपालिकालिकाले तोकेको नाका बाट तोकिएको दरमा मात्र असुल गर्नुपर्नेछ ।

२. कर सकलन दररेट ठेक्कापट्टाको सर्तहरु शिलबन्दि दरभाउपत्र साथ उपलब्ध गराइने छ ।

३. ठेक्काको अवधि ठेक्का स्वीकृत भएको मिति देखि २०७६ असार मसान्त सम्मको लागि मात्र हुने छ ।

४. प्रत्येक ठेक्काको छुट्टाछुटै शिलबन्दि दरभाउपत्र फारम खरिद गरेर छुट्टा छुटै शिलबन्दि दरभाउपत्र पेश गर्नुपर्नेछ ।

५. शिलबन्दि दरभाउपत्र पेश कर्ताले खामको बाहिर पट्टि ठेक्काको किसिम तथा पेश कर्ताको नाम स्पस्ट रुपमा उल्लेखित गर्नुपर्नेछ ।

६. शिलबन्दि दरभाउपत्र साथ व्यतिको हकमा नागरिकता को प्रतिलिपि ,संस्थाको हकमा दर्ता प्रमाणपत्र, कर चुता र नविकरणको प्रमाण-पत्र संलग्न हुनुपर्नेछ । धरौटी रकम कबोल गरेको अंकको ५ प्रतिशत रकम हरिहरपुरगढी गाउँपालिकाको नाममा रहेको राष्यट्री वाणिज्य बैंक धरौटी खाता न. १०६०३०३००७१०३ मा जम्मा गरी सोको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

७. कबोल गरिएको ठेक्का रकम अंक र अक्षरमा स्पस्ट उल्लेख गर्नुपर्नेछ ,अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा देखिएको लाई मान्यता लदईने छ ।

८. शिलबन्दि दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन वा खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन शिलबन्दि दरभाउपत्र दाखिला र शिलबन्दि दरभाउपत्र खोलिनेछ ।

९.समझौता सम्म ठेक्का रकम एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिइनेछ ।

१०. ठेक्का रकम संझौता सम्म एकमुष्ठ बुझाउनु पर्नेछ , किस्ता बुझाउनको लागि बैंक ग्यारेन्टी पेश गर्नुय पर्नेछ।

११. बोलपत्र स्वीकृत भएको ७ दिन भित्र संम्झौता गरी सक्नुपर्नेछ , उक्त अविधमा संम्झौता गर्न नआएमा नियम अनुसार कारवाहि अगाडी बढाइनेछ ।

हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झनझने, सिन्धुली
३ नं. प्रदेश नेपाल

पत्र संख्याः- २०७५/०७६ च.नं-

१२. प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयमले व्यहोर्नु पर्नेछ, मूल्य अभिबृदि कर समावेस गरी ठेकेदार स्वयमले उठाई सो सम्बधित निकायमा बुझाउनु पर्नेछ ।

१३ ठेकेदारले नेपाल सरकार र हरिहरपुरगढी गाउँपिलकाले समय समयमा दिएको निर्देशनलाई पालना गर्नुपर्नेछ र यस गाउँपालिका र ठेकेदार बीच ठेक्काको विषयमा विवाद भएमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

१४. हरिहरपुरगढी गाउँपालिकालाई बुझाउनु पर्ने रकम बाँकी बक्यौदा भएका व्यतिहरुको रकम नबुझाए सम्म शिलबन्दि दरभाउपत्र स्वीकृत गरिने छैन ।

१५. ठेकेदार राखेको धरौटी रकम ठेक्का मिति समय समाप्त भए पछि आन्तरिक राजस्व कार्यालयबाट कर चुता प्रमाणपत्र र हरिहरपुरगढी गाउँपालिकाबाट कर असुलिमा प्रयोग भएको रसिद जाचबुझ भएपछि मात्र फिर्ता दिइनेछ ।

१६. ठेक्का कबोल गर्ने ठेकेदारले हरिहरपुरगढी गाउँपालिकाले तोकेको दरमा कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदार आफैले छपाई गरी रसिदहरु गाउँपालिकाबाट कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट अनिवार्यर रुपले प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित बाहेकका रसिदबाट कर उठाएको पाईएमा कार्यापालिकाके निर्णय अनुसार कारवाहि गरिनेछ ।

१७. बन्द हड्ताल जस्ता मानव सृजित तथा प्राकृतिकप्रकोपको कारण बाट हुने क्षतिमा कर छुट वा मिनाहा दिईने छैन ।

१८. एक व्यति वा फर्मको नामबाट खरिद गरेको अर्को व्यति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१९. यो सुचना बमोजिमको दाखिला भएका कुनै वा सबै शिलवन्दि दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

२०. करको दररेट वा लाग्ने दस्तुरको विवरण सहितको होडिङ बोर्ड ठेकेदारले प्रत्येक संकदन केन्द्रमा सबैले देखिने गरी अनिवार्य रुपमा राख्नुपर्नेछ ।

२१. कुनै एक ठाउँमा राखिएको धरौटी रकम अर्को कुनै ठेक्कामा समायोजन गरिने छैन ।

२२. कुनै सर्त सहित शिलवन्दि दरभाउपत्र स्वीकृत हुने छैन ।

२३. स्थानीय तहले तोकेको दर भन्दा बढी रकम असुलि वा सकलन गरेमा वा संम्झौतामा उल्लेखित भए बाहेकका मालबस्तुमा कर सेवा शुल्क दस्तुर असुल गरेमा वा दोहोरो हुने गरी कर लिएमा त्यस्तो कर बराबरको रकम र जरिवाना

हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झगझगे, सिन्धुली

३ नं प्रदेश नेपाल

पत्र संख्याः- २०७५/०७६ च.नं-

ठेकेदारले राखेको धरौटी रकमबाट कट्टा गरीनेछ । ठेक्का सम्बन्धि सम्पूर्ण काम कारबाही सार्वजनिम खरिद ऐन २०६३(संसोधित सहित ) ,हरिहरपुरगढी गाउपालिकाके खरिद नियमावलि २०७५ को नियम ८४ बमोजिम हुनेछ ।

२४. ठेक्का स्वीकृत भएपछि ठेक्का लिने पक्षले पान नम्बर लिई ठेक्का वापतको कर रकम कर कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

२५. सुचनामा उल्लेखित नभएको कुराहरुको हकमा कानून अनुसार हुनेछ ।